**जातीय समानताको प्रवर्द्धनमा**
**विद्यमान तथा योजना गरिएका उपायहरू**

**प्रशासनका मुख्य सचिव र**
**अर्थ सचिवका कार्यालयहरू**

प्रशासन शाखा (Adm Wing) ले सरकारको सचिवालय प्रशासनको प्रभावकारी कामकाजको सुपरिवेक्षणमा प्रशासनका मुख्य सचिव र अर्थ सचिवलाई सहायता उपलब्ध गराउँछ । हाम्रा विभिन्न जिम्मेवारीहरू मध्ये हामीले देहायका सार्वजनिक सेवाहरू उपलब्ध गराउँछौं -

(i) सरकारी अभिलेख सेवा (Government Records Service, GRS) ले सङ्कलित रेकर्डहरूमा सर्वसाधारणहरूको पहुँचका लागि सेवाहरू उपलब्ध गराउँछ;

(ii) मुद्दामा प्रतिनिधित्व नभएका पक्षहरूका लागि देवानी प्रक्रियागत मामिलाहरूमा नि:शुल्क कानुनी सुझावको प्रावधान; र

(iii) प्रशासनिक पुनरावेदन बोर्ड (Administrative Appeals Board, AAB) अध्यादेश (Cap. 442) र नगरपालिकासम्बन्धी सेवा पुनरावेदन बोर्ड (Municipal Services Appeals Board, MSAB) अध्यादेश (Cap. 220) को क्षेत्राधिकार अन्तर्गतका प्रशासनिक निर्णय वा पुनरावेदन बोर्डका निर्णयहरू विरुद्धका पुनरावेदन उपर कार्यवाही ।

जातीय पृष्ठभूमि जेजस्तो भए तापनि सर्वसाधारणहरूलाई माथिका सेवाहरूमा समान पहुँच बनाउनमा सक्षम गराउनका लागि प्रशासन शाखाद्वारा चालिएका वा चालिने उपायहरू तल उल्लेख गरिएका छन् ।

**(i)** **<u>सङ्कलित रेकर्डहरूमा पहुँच</u>**

| | |
|---|---|
| सम्बन्धित सेवाहरू | • GRS को सार्वजनिक अभिलेख कार्यालय (Public Records Office, PRO) ले सर्वसाधारणहरूलाई आफ्नो संग्रहित सामग्री तथा अन्य सङ्कलनमा पहुँच बनाउने र तिनीहरूलाई पुनर्उत्पादन गर्ने सन्दर्भ सेवाहरू उपलब्ध गराउँछ । |
| विद्यमान उपायहरू | • विविध जातिका मानिसहरूद्वारा आफ्ना सन्दर्भ सेवाहरूको प्रयोगमा सहजीकरण गर्नका लागि PRO ले विविध जातिका मानिसहरूलाई दोभाषे सेवा उपलब्ध गराउनका निम्ति उनीहरूले हङकङ क्रिश्चियन सेवा अन्तर्गतको अल्पसंख्यक जातिका निवासीहरूका मधुर सम्बन्ध तथा संवर्द्धन केन्द्र (Centre for Harmony and Enhancement of Ethnic Minority Residents, CHEER) लाई सम्पर्क गर्न सक्नेछन् भनेर सन्दर्भ सेवा काउन्टरमा जानकारी उपलब्ध गराएको छ । |
| भविष्यको कार्यको मूल्याङ्कन | • PRO ले आफ्ना सन्दर्भ सेवाहरूको समीक्षा तथा सुधारका लागि विविध जातिका मानिसहरू हुने प्रयोगकर्ताहरूबाट पृष्ठपोषण तथा सुझावहरू सङ्कलन गर्नेछ । |
| चालिएका/चालिने थप उपायहरू | • PRO ले सन्दर्भ सेवा काउन्टरमा कार्यरत आफ्ना कर्मचारीहरूको जातीय संवेदनशीलताका बारेमा सचेतना बढाउनेछ र आवश्यकता अनुसार आफ्ना सन्दर्भ सेवाहरूका विविध जातिका मानिसहरू हुने प्रयोगकर्ताहरूका लागि सहयोगी उपायहरूलाई अझ सुदृढ गराउनेछ । |

**(ii)** <u>**मुद्दामा प्रतिनिधित्व नभएका पक्षहरूका लागि देवानी प्रक्रियागत मामिलाहरूमा नि:शुल्क कानुनी सुझावको प्रावधान**</u>

| | |
|---|---|
| सम्बन्धित सेवाहरू | • देवानी कार्यविधिहरूमा प्रतिनिधित्व नभएका पक्षहरूका लागि कानुनी सुझाव योजना (प्रक्रियागत सुझाव योजना) अन्तर्गत मुद्दा सुरु गर्ने वा कुनै अदालतहरू (कार्यवाही सुरु गर्ने लगायत) का कानुनी कार्यवाहीको पक्ष रहने तर अन्य ट्रिब्युनलहरूमा देवानी कार्यवाहीहरूको पक्ष नरहने प्रतिनिधित्व नभएका पक्षहरूलाई देवानी प्रक्रियागत मामिलाहरूमा नि:शुल्क कानुनी सुझाव उपलब्ध गराइन्छ । |
| विद्यमान उपायहरू | • प्रक्रियागत सुझाव योजनासम्बन्धी जानकारी रहेका पम्फलेटहरू विविध जातिका मानिसहरूद्वारा प्रयोग गरिने भाषाहरूमा प्रशासन शाखाको वेबसाइट अन्तर्गतको प्रक्रियागत सुझाव योजनाको वेबपेजमा उपलब्ध छन् । सेवाका लक्ष्यहरूमा मुख्यतः विविध जातिका मानिसहरू रहने सम्बन्धित गैर-सरकारी संघसंस्थाहरूलाई पनि गृह मामिला विभागमार्फत पम्फलेटका प्रतिहरू उपलब्ध गराइन्छ । |
| | • प्रक्रियागत सुझाव योजना अन्तर्गत नि:शुल्क कानुनी सुझावका अंग्रेजी वा चिनियाँ भाषा नबोल्ने विविध जातिका मानिसहरू हुने प्रयोगकर्ताहरू सुझाव सत्रहरूमा सहभागी भएको समयमा आवश्यक र उपयुक्त हुँदा दोभाषे सेवाको व्यवस्था गरिनेछ । |
| भविष्यको कार्यको मूल्याङ्कन | • प्रक्रियागत सुझाव योजना अन्तर्गत सेवाको निरन्तर सुधारका लागि विविध जातिका मानिसहरू हुने प्रयोगकर्ताहरूबाट प्राप्त पृष्ठपोषण तथा सुझावहरूका बारेमा विचार गरिनेछ । |
| चालिएका/चालिने थप उपायहरू | • प्रक्रियागत सुझाव योजना अन्तर्गत अंग्रेजी वा चिनियाँ भाषा नबोल्ने विविध जातिका मानिसहरूमा सेवालाई प्रवर्द्धन गर्नका लागि सम्बन्धित सरकारी विभाग तथा गैर-सरकारी संघसंस्थाहरूबाट सहयोग खोजिनेछ । |

(iii) **<u>AAB अध्यादेश र MSAB अध्यादेशको क्षेत्राधिकार अन्तर्गतका प्रशासनिक निर्णय वा पुनरावेदन बोर्डका निर्णयहरू विरुद्धका पुनरावेदन उपर कार्यवाही</u>**

| | |
|---|---|
| सम्बन्धित सेवाहरू | • AAB तथा MSAB भनेका AAB अध्यादेश, MSAB अध्यादेश तह अन्य सम्बन्धित अध्यादेशहरूका प्रावधानहरू अनुसार कुनै पनि पुनरावेदकद्वारा दायर गरेको पुनरावेदनहरू सुन्ने र निर्णय गर्ने दुईवटा स्वतन्त्र कानुनी निकायहरू हुन् । |
| विद्यमान उपायहरू | • AAB वा MSAB मा पुनरावेदनको सुनुवाइ बोर्डले उचित हुने भनेर निर्णय गरिए अनुसार चिनियाँ वा अंग्रेजी वा दुवै भाषाहरूमा हुन सक्नेछन् । तथापि, पुनरावेदनको कुनै पनि पक्ष वा पुनरावेदनको सुनुवाइमा प्रतिनिधित्व गर्ने कुनै पनि व्यक्तिले बोर्डलाई कुनै पनि भाषामा सम्बोधन गर्न सक्नेछन् र बोर्डसमक्ष बयान दिँदै गरेका कुनै पनि साक्षीले कुनै पनि भाषामा बयान दिन सक्नेछन् । उपयुक्त तथा व्यवहारिक हुँदा AAB वा MSAB को सचिवालयले सुनुवाइका लागि समकालिक दोभाषे सेवाको व्यवस्था गर्नेछ । |
| | • आवश्यक पर्दा र आवश्यकता अनुसार दोभाषे सेवाका लागि हङकङ क्रिश्चियन सेवा अन्तर्गतको CHEER को सेवा खोज्नका लागि विविध जातिका मानिसहरूलाई समर्थ बनाउन विविध जातिका मानिसहरूद्वारा प्रयोग गरिने भाषाहरूमा जानकारी प्रशासन शाखाको वेबसाइट अन्तर्गतको AAB तथा MSAB का वेबपेजहरूमा उपलब्ध छ र पुनरावेदन बोर्ड सचिवालयको रिसेप्सन काउन्टरमा देखिनेगरी राखिएको छ । |
| भविष्यको कार्यको मूल्याङ्कन | • AAB वा MSAB मा गरिने पुनरावेदनहरूका सेवाहरूको निरन्तर सुधारका लागि पुनरावेदन बोर्ड सचिवालयले बोर्डका सदस्य तथा |

| | | |
|---|---|---|
| | | विविध जातिका मानिसहरूबाट पृष्ठपोषण/सुझावहरू सङ्कलन गर्नेछ र तिनीहरूका बारेमा विचार गर्नेछ। |
| चालिएका/चालिने थप उपायहरू | • | पुनरावेदन बोर्ड सचिवालयका कर्मचारीहरूलाई जातीय समानतासम्बन्धी मामिलाहरूका उनीहरूको सचेतना तथा संवेदनशीलता बढाउनका लागि जातीय भेदभाव अध्यादेश (Cap. 602) र सम्बन्धित निर्देशिकाहरूका बारेमा निजामती सेवा प्रशिक्षण तथा विकास संस्थान र समान अवसर आयोगद्वारा आयोजना गरिने प्रशिक्षण कोर्सहरूमा सहभागी हुने व्यवस्था मिलाइनेछ। |

सोधपुछ तथा पृष्ठपोषणहरूका लागि कृपया प्रशासन शाखाका Mr KOO Chor-shing मुख्य कार्यकारी अधिकारी (प्रशासन)2 लाई सम्पर्क गर्नुहोस् -

| | | |
|---|---|---|
| टेलिफोन | : | 2810 2878 |
| फ्याक्स | : | 2524 7103 |
| इमेल | : | admwing@cso.gov.hk |

**प्रशासनका मुख्य सचिव र**
**अर्थ सचिवका कार्यालयहरू**
**मे 2023**